# <u>सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५</u>

<u>नेपाल राजपत्रमा प्रकाशित मिति</u>
२०७५/१०/०७

**संशोधन**

१. सुरक्षित नागरिक आवास कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०७६ २०७७/०१/०८

**प्रस्तावना** : नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्वन्धी ऐन, २०७५ बमोजिम उपयुक्त, सुरक्षित र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्न गरिबीको रेखामुनी रहेका, प्रकोपका कारण घरवार विहिन भएका घर परिवारहरुले सुरक्षित आवास निर्माण आफैंले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्री खरिदको लागि र गरिबीको रेखामुनी रहेका, पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी सुरक्षित नागरिक आवास निर्माणको लागि आर्थिक वर्ष २०७५/०७६ को बजेट तथा कार्यक्रममा उल्लेख भएको विषयलाई कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकारले देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u> :** (१) यस कार्यविधिको नाम "सुरक्षित नागरिक आवास कार्यान्वयन ❁<u>(पहिलो संशोधन)</u> कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "आवास व्यवस्थापन समन्वय एकाइ" भन्नाले दफा ९ बमोजिमको आवास व्यवस्थापन समन्वय एकाइ सम्झनु पर्छ ।

(ख) "केन्द्रीय सुरक्षित नागरिक आवास समन्वय समिति" भन्नाले दफा १२ बमोजिमको केन्द्रीय सुरक्षित नागरिक आवास समन्वय समिति सम्झनु पर्छ ।

---

❁ पहिलो संशोधनद्वारा संशोधित ।

(ग) “मन्त्रालय” भन्नाले नेपाल सरकारको शहरी विकास मन्त्रालय सम्झनु पर्छ ।

(घ) “विभाग” भन्नाले शहरी विकास तथा भवन निर्माण विभाग सम्झनु पर्छ ।

(ङ) “लक्षित वर्ग” भन्नाले दफा ३ बमोजिम पहिचान भएका गरिबीको रेखामुनी रहेका पराल वा खरको छाना भएका घरपरिवार र प्रकोपका कारण घरवार विहिन भएका परिवार सम्झनु पर्छ ।

(च) “लाभग्राही” भन्नाले दफा ४ बमोजिम पहिचान गरिएका व्यक्ति वा परिवार सम्झनु पर्छ ।

(छ) “संघीय आयोजना कार्यान्वयन एकाइ वा सघन शहरी तथा भवन निर्माण आयोजना” भन्नाले विभाग अन्तर्गतको संघीय आयोजना कार्यान्वयन गर्न स्थापना भएको एकाइ वा आयोजना कार्यालय सम्झनु पर्छ ।

(ज) “सुरक्षित नागरिक आवास” भन्नाले आगलागी तथा हावा, पानी थेग्न सक्ने गरी निर्माण गरिएका काठ, ईटा, ढुङ्गा वा ब्लक आदिको गारो भई पराल खर बाहेकका छानायुक्त आवासीय भवन सम्झनु पर्छ ।

(झ) “सुरक्षित नागरिक आवास समन्वय समिति” भन्नाले दफा १५ को उपदफा (१) बमोजिमको समिति सम्झनु पर्छ ।

(ञ) ❀“स्थानीय तह” भन्नाले महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका वा गाउँपालिका सम्झनु पर्छ ।

## परिच्छेद-२

## लक्षित वर्गको पहिचान र छनौटका आधार

३. **लक्षित वर्गको पहिचान :** लक्षित वर्गको पहिचान देहाय बमोजिमको आधारमा गरिनेछः-

(क) ❀लाभग्राही बसोबास गर्दै आएको घरको छाना पराल, खर, स्याउला, आसवेसटस, विटुमिन ड्रम वा यस्तै प्रकृतिका आगो, पानी तथा हुरीवाट सहजै प्रभावित हुन सक्ने अन्य सामाग्रीवाट छाएको,

(ख) गरिबीको रेखामुनी रहेका आफैंले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरिरहेको घरपरिवार,

(ग) जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाण,

(घ) विगतदेखि सो स्थानमा स्थायी बसोवास गर्दै आएको प्रमाण,

---

❀ पहिलो संशोधनद्वारा संशोधित ।

(ङ) प्रकोपका कारण घरवारविहीन भएको हकमा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय सहित सम्वन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस,

(च) गरीवीको रेखामुनी रहेका लाभग्राहीको सम्वन्धमा सम्वन्धित स्थानीय तहको सिफारिस ।

४. **<u>लाभग्राहीको छनौटको आधार तथा विधि</u> :** (१) सम्वन्धित स्थानीय तहको समन्वयमा संघीय आयोजना कार्यान्वयन एकाइ वा सघन शहरी तथा भवन निर्माण आयोजनाले लाभग्राही छनौट गर्ने प्रयोजनको लागि लाभग्राहीले हाल प्रयोग गरिरहेको घरको क्षेत्रफल, गारो आदिको आधारमा अनुसूची-१ बमोजिम अंक प्रदान गरी प्राथमिकता क्रम सहित लाभग्राहीको सूची तयार गरी "सुरक्षित नागरिक आवास समन्वय समिति" मा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लाभग्राही छनौट गर्दा बृद्ध, एकल महिला, अनाथ बालबालिका तथा अपाङ्गता भएका घरमुलीलाई प्राथमिकता दिईनेछ । त्यसैगरी प्रकोपका कारण घरवारविहीन भएका परिवारले आवास निर्माण गर्न चाहेमा त्यस्तो परिवारलाई समेत प्राथमिकता दिईनेछ ।

(३) उपदफा (१) बमोजिम बढी अंक प्राप्त गर्ने र उपदफा (२) बमोजिम प्राथमिकता प्राप्त गर्नेलाई सुरक्षित नागरिक आवास समन्वय समितिले क्रमैसंग लाभग्राहीको रुपमा छनौट गर्नेछ ।

(४) सुरक्षित नागरिक आवास समन्वय समितिले संघीय आयोजना कार्यान्वयन एकाइ वा सघन शहरी तथा भवन निर्माण आयोजनावाट पहिचान भई आएका लाभग्राहीको सूची प्राथमिकताको आधारमा छनौट गर्नेछ ।

(५) उपदफा (३) बमोजिम लाभग्राही छनौट गर्दा सगोलमा रहेका परिवारले एउटा आवासको लागि मात्र अनुदान रकम पाउने गरी छनौट गर्नुपर्नेछ ।

## परिच्छेद-३

## <u>अनुदान रकम तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी व्यवस्था</u>

५. **<u>अनुदान सम्झौता र वित्तीय प्रबन्ध</u>** : (१) कार्यक्रम संचालन गर्ने निकायहरुलाई आवश्यक पर्ने कार्यक्रम संचालन खर्च नेपाल सरकारको अर्थ मन्त्रालयसंग निकासा माग गरी व्यवस्थापन गरिनेछ।

❀(२) केन्द्रीय सुरक्षित नागरिक आवास समन्वय समितिले तोकेको संख्या बमोजिम मन्त्रालयको सिफारिसको आधारमा अर्थ मन्त्रालयले सम्वन्धित स्थानीय तहलाई आवश्यक अनुदान रकम उपलब्ध गराउनेछ।

❀(३) सम्वन्धित स्थानीय तहले छनौट भएका लाभग्राहीसंग अनुसूची-२ बमोजिमको ढाँचामा अनुदान सम्झौता गरी लाभग्राहीको सूची सम्वन्धित बैंकलाई उपलब्ध गराउनेछ ।

❀(४) छनौट भएका लाभग्राहीले सम्वन्धित स्थानीय तहले सिफारिस गरेको बैंकमा खाता खोल्नु पर्नेछ र यसरी खोलिएको खातामा स्थानीय तहले अनुदान सम्झौता भईसकेका लाभग्राहीलाई जस्तापाता, काठ लगायतको निर्माण सामाग्री खरिद गर्न अनुदान वापतको रकम दुई किस्तामा उपलब्ध गराउनेछ ।

✂(५)

✂(६)

❀(७) उपदफा (४) बमोजिम अनुदान उपलब्ध गराउँदा सम्वन्धित स्थानीय तहसंग सम्झौता भएपछि पहिलो किस्ता वापत साठी प्रतिशत रकम उपलब्ध गराईनेछ र लाभग्राहीले सो रकम जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य अघि वढाउनको लागि खर्च गर्नु पर्नेछ ।

❀(८) उपदफा (७) बमोजिम प्राप्त पहिलो किस्ताको रकमबाट जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनी सम्वन्धित स्थानीय तहको प्राविधिकवाट अनुसूची-३ बमोजिमको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा सम्वन्धित स्थानीय तहवाट लाभग्राहीलाई दोस्रो तथा अन्तिम किस्ता वापत चालिस प्रतिशत अनुदान रकम उपलब्ध गराईनेछ ।

६. **अनुदान रकम असुल उपर गराइने :** कुनै व्यक्तिले झुठा विवरण पेश गरी अनुदान रकम लिएको पाईएमा वा जुन प्रयोजनका लागि अनुदान रकम उपलब्ध गराईएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाईएमा ❀वा किस्ता बमोजिमको गर्नुपर्ने कार्य प्रगति अनुदान उपलब्ध गराईएको मितिले तीन महिना भित्र नगरेमा लाभग्राहीवाट अनुदान रकम स्थानीय तहले असुल उपर गर्नेछ ।

७. **निर्माण सम्पन्न भएको मानिने :** ❀स्थानीय तहको प्राविधिकबाट अनुसूची-३ बमोजिम प्रतिवेदन पेश भई स्थानीय तहले प्रमाणित गरेपछि निर्माण कार्य सम्पन्न भएको मानिनेछ ।

---

❀ पहिलो संशोधनद्वारा संशोधित ।

✂ पहिलो संशोधनद्वारा झिकिएको ।

**७क** ⊕स्थानीय तहले आवश्यक ठानेमा संघीय आयोजना कार्यान्वयन एकाइ वा सघन शहरी तथा भवन निर्माण आयोजनावाट प्राविधिक सहयोग माग गर्न सक्नेछ र यसरी सहयोग माग भएमा सम्वन्धित संघीय आयोजना कार्यान्वयन एकाइ वा सघन शहरी तथा भवन निर्माण आयोजनाले प्राविधिक सहयोग उपलव्ध गराउनु पर्नेछ ।

## परिच्छेद-४
## कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु

८. **मन्त्रालयको काम, कर्तव्य र अधिकार :** यो कार्यविधि कार्यान्वयन गर्ने सन्दर्भमा मन्त्रालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) केन्द्रीय सुरक्षित नागरिक आवास समन्वय समितिको बैठकको लागि आवश्यक व्यवस्था गर्ने,

(ख) विभाग मार्फत माग भएको कार्यक्रम तथा बजेट स्वीकृत गरी नेपाल सरकारको अर्थ मन्त्रालयमा बजेट मागको लागि अनुरोध गर्ने,

(ग) कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा आईपरेका समस्याहरु समाधान गर्ने र यस कार्यविधिमा परिमार्जन तथा संशोधन गर्नु परेमा आवश्यक तयारी गरी स्वीकृतिको लागि पेश गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनको लागि आवश्यक नीति तर्जुमा गर्ने तथा बजेट व्यवस्थाको लागि आवश्यक समन्वय गर्ने,

(ङ) कार्यक्रम अनुगमन मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने ।

९. **आवास व्यवस्थापन समन्वय एकाइको काम, कर्तव्य र अधिकार :** (१) कार्यक्रम कार्यान्वयनको लागि सहयोग पुर्‍याउन विभागको आवास महाशाखा अन्तर्गत आवास व्यवस्थापन समन्वय एकाइ रहनेछ ।

(२) आवास व्यवस्थापन समन्वय एकाइको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा सम्वन्धित मन्त्रालय, विभाग र कार्यक्रम कार्यान्वयन गर्ने तहहरूबीच समन्वय गर्ने,

---

⊕ पहिलो संशोधनद्वारा थप ।

(ख) कार्यक्रमको अनुगमन र मूल्याङ्कन गर्ने र भावी कार्यक्रमको लागि योजना तयार गर्ने,

(ग) ❀संघीय आयोजना कार्यान्वयन एकाइ वा सघन शहरी तथा भवन निर्माण आयोजना मार्फत स्थानीय तहवाट लाभग्राहीको विवरण प्राप्त गर्ने,

(घ) केन्द्रीय सुरक्षित नागरिक आवास समन्वय समितिको बैठकबाट भएको निर्णय बमोजिम प्राप्त निर्देशन कार्यान्वयन गर्ने गराउने र कार्यक्रम कार्यान्वयन गर्ने निकायहरुलाई आवश्यक निर्देशन दिने,

(ङ) कार्यक्रमको प्रगति विवरण प्राप्त गरी तयार गर्ने र समीक्षा एवं सम्बन्धित निकायहरु बीच समन्वय गर्ने ।

१०. **<u>संघीय आयोजना कार्यान्वयन एकाइ वा सघन शहरी तथा भवन निर्माण आयोजनाको काम, कर्तव्य र अधिकार</u> :** संघीय आयोजना कार्यान्वयन एकाइ वा सघन शहरी तथा भवन निर्माण आयोजनाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) केन्द्रीय सुरक्षित नागरिक आवास समन्वय समितिको निर्णय तथा निर्देशन र सुरक्षित नागरिक आवास समन्वय समितिको बैठकको निर्णय कार्यान्वयन गर्ने,

(ख) ✂

(ग) ❀सम्वन्धित स्थानीय तहवाट सर्वेक्षण गरी संकलित निवेदनहरुको सर्वेक्षण फारमको विवरणका आधारमा अनुसूची-१ बमोजिम अंक प्रदान गरी त्यस्ता लक्षित वर्ग वा परिवारको सूची तयार गरी लाभग्राहीको विवरण सुरक्षित नागरिक आवास समन्वय समितिमा स्वीकृतिको लागि पेश गर्ने,

(घ) ✂

(ङ) कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायहरु बीच समन्वय गर्ने र सोको विवरण विभागमा पेश गर्ने,

(च) कार्यक्रम कार्यान्वयनको लागि ❀ <u>सम्वन्धित स्थानीय तहलाई</u> आवश्यकता अनुसार प्राविधिक सहयोग उपलब्ध गराउने,

(छ) ✂

(ज) ✂

(झ) ❀स्थानीय तहको समन्वयमा कार्यक्रमको अनुगमन र मूल्याङ्कन गर्ने ।

---

❀ पहिलो संशोधनद्वारा संशोधित ।

✂ पहिलो संशोधनद्वारा झिकिएको ।

**११.** **सम्पर्क एकाइ सम्बन्धी व्यवस्था :** (१) प्रस्तुत कार्यक्रमको सम्पर्क एकाइको रुपमा सम्बन्धित स्थानीय तहले कार्य गर्नेछ ।

(२) सम्पर्क एकाइको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) ❀सुरक्षित नागरिक आवास समन्वय समितिमा प्रतिनिधित्व गरी सम्वन्धित लाभग्राहीको पहिचान गर्न आवश्यक कार्य गर्ने,

(ख) ❀सुरक्षित नागरिक आवास समन्वय समितिको निर्णय बमोजिम लाभग्राहीको निवेदन संकलन गर्न दश दिने सूचना जारी गरी निवेदन संकलन गर्ने,

(ग) ❀प्राप्त निवेदन अनुसार लाभग्राहीको सर्वेक्षण गर्न सम्वन्धित स्थानीय तहवाट प्राविधिक खटाउने,

(ग१) ⊕विवरण सहितको लाभग्राही सर्वेक्षण फारम अंक प्रदान गर्न संघीय आयोजना कार्यान्वयन एकाइ वा सघन शहरी तथा भवन निर्माण आयोजनामा पठाउने,

(घ) ❀प्राप्त अनुदान रकमको परिधिमा सम्झौता भएका लाभग्राहीलाई पहिलो र दोस्रो तथा अन्तिम किस्ता वापतको अनुदान रकम उपलब्ध गराउने, कार्य सम्पन्न भएको अभिलेख राख्ने र अभिलेख बमोजिमको विवरण संघीय आयोजना कार्यान्वयन एकाइ वा सघन शहरी तथा भवन निर्माण आयोजनामा उपलब्ध गराउने,

(ङ) ❀निर्माणाधिन आवास एकाइहरुको निर्माण कार्य समयमै सम्पन्न गर्नको लागि आवश्यक सहयोग लिई कार्य गर्ने गराउने ।

(च) ⊕प्रत्येक स्थानीय तहले आफ्नो कार्यक्षेत्रभित्र यस कार्यविधि बमोजिमका सम्भावित लाभग्राहीको संख्या (वडागत आधारमा) मिति २०७७ असोज मसान्तभित्र संघीय आयोजना कार्यान्वयन एकाइ वा सघन शहरी तथा भवन निर्माण आयोजना मार्फत विभागमा उपलब्ध गराउने।

---

❀ पहिलो संशोधनद्वारा संशोधित ।

⊕ पहिलो संशोधनद्वारा थप ।

# परिच्छेद-५
## समिति सम्वन्धी

१२. **केन्द्रीय सुरक्षित नागरिक आवास समन्वय समिति** : सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयनको लागि केन्द्रीय स्तरमा देहाय बमोजिमको एक केन्द्रीय सुरक्षित नागरिक आवास समन्वय समिति रहनेछ :

| | | |
|---|---|---|
| (क) | नेपाल सरकारको शहरी विकास मन्त्री | - संयोजक |
| (ख) | सदस्य, राष्ट्रिय योजना आयोग | - सदस्य |
| (ग) | सचिव, मन्त्रालय | - सदस्य |
| (घ) | सचिव, नेपाल सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | - सदस्य |
| (ङ) | सह-सचिव, नेपाल सरकारको अर्थ मन्त्रालय | - सदस्य |
| (च) | सह-सचिव, आवास तथा भवन महाशाखा, मन्त्रालय | - सदस्य |
| (छ) | महानिर्देशक, विभाग | - सदस्य |
| (ज) | उप-महानिर्देशक, आवास महाशाखा, विभाग | - सदस्य सचिव |

१३. **बैठक सम्बन्धी कार्यविधि** : (१) केन्द्रीय सुरक्षित नागरिक आवास समन्वय समितिको वैठक संयोजकले तोकेको मिति र समयमा आवश्यकता बमोजिम बस्नेछ ।

(२) केन्द्रीय सुरक्षित नागरिक आवास समन्वय समितिको वैठक सम्वन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१४. **केन्द्रीय सुरक्षित नागरिक आवास समन्वय समितिको काम, कर्तव्य र अधिकार** : केन्द्रीय सुरक्षित नागरिक आवास समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) उपलब्ध बार्षिक बजेट र आवश्यकताको आधारमा कार्यक्रम कार्यान्वयनका लागि कार्यक्रम लागु गर्ने जिल्ला र स्थानीय तह तोक्ने र स्थानीय तहगत रुपमा अधिकतम आवास संख्या निर्धारण गर्ने,

(ख) लाभग्राहीहरुलाई उपलब्ध गराईने अनुदान रकमको निर्धारण तथा पुनरावलोकन गर्ने,

(ग) कार्यक्रम कार्यान्वयनको क्रममा आई परेका बाधा अड्चन फुकाउने,

(घ) आवश्यकता अनुसार कार्यक्रमको अनुगमन गर्ने, गराउने,

(ङ) कार्यक्रमको प्रगति समीक्षा गर्ने र कार्यान्वयन संग सम्बन्धित केन्द्रीय निकायहरुबीच समन्वय गर्ने ।

१५. **<u>सुरक्षित नागरिक आवास समन्वय समिति</u> :** (१) कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउन कार्यक्रम कार्यान्वय हुने निर्वाचन क्षेत्रमा देहाय बमोजिम सुरक्षित नागरिक आवास समन्वय समिति रहनेछ :-

| | | | |
|---|---|---|---|
| (क) | पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम सम्वन्धित निर्वाचन क्षेत्रवाट प्रतिनिधि सभामा निर्वाचित सदस्य | - | संयोजक |
| (ख) | जिल्ला समन्वय समितिको प्रमुख | - | सदस्य |
| (ग) | सम्वन्धित स्थानीय तहको प्रमुख | - | सदस्य |
| (घ) | संघीय आयोजना कार्यान्वयन एकाइ वा सघन शहरी तथा भवन निर्माण आयोजना प्रमुख वा निजले तोकेको अधिकृतस्तरको प्राविधिक प्रतिनिधि | - | ❀<u>सदस्य सचिव</u> |

(२) सुरक्षित नागरिक आवास समन्वय समितिको वैठक संयोजकले तोकेको मिति र समयमा आवश्यकता बमोजिम बस्नेछ ।

(३) सुरक्षित नागरिक आवास समन्वय समितिको वैठक सम्वन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१६. **<u>सुरक्षित नागरिक आवास समन्वय समितिको काम, कर्तव्य र अधिकार</u> :** सुरक्षित नागरिक आवास समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) केन्द्रीय सुरक्षित नागरिक आवास समन्वय समितिबाट प्राप्त निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(ख) संघीय आयोजना कार्यान्वयन एकाइ वा सघन शहरी तथा भवन निर्माण आयोजनावाट पेश भएको विवरणका आधारमा केन्द्रीय सुरक्षित नागरिक आवास समन्वय समितिबाट तोकिएका स्थानीय तह भित्रका कार्यक्रम कार्यान्वयन गरिने स्थानीय तहका वडाहरु र अधिकतम आवास संख्या तोक्ने,

(ग) कार्यक्रम कार्यान्वयनको लागि संघीय आयोजना कार्यान्वयन एकाइ वा सघन शहरी तथा भवन निर्माण आयोजनावाट प्राप्त लक्षित वर्गको सूचिवाट दफा (४) को आधारमा लाभग्राही छनौट गर्ने,

❀ पहिलो संशोधनद्वारा संशोधित ।

(घ) कार्यक्रम कार्यान्वयनका क्रममा सम्वन्धित निकायहरु वीच समन्वय कायम गर्ने,

(ङ) कार्यक्रमको कार्यान्वयन सम्वन्धमा अनुगमन गर्ने,

(च) कार्यक्रम कार्यान्वयनमा देखापरेका समस्या समाधान गर्ने,

(छ) लाभग्राहीका गुनासोहरुको व्यवस्थापन गर्ने ।

## परिच्छेद-६

## विविध

१७. **कन्टिन्जेन्सी खर्चको व्यवस्था** : ❀(१) कार्यक्रमको प्राविधिक व्यवस्थापन गर्न चार प्रतिशत सम्म कन्टिन्जेन्सी वापत रकम छुट्याउन सकिनेछ र सो रकम मध्ये दुई प्रतिशत सम्म सम्वन्धित स्थानीय तहले तथा दुई प्रतिशत सम्म संघीय आयोजना कार्यान्वयन एकाइ वा सघन शहरी तथा भवन निर्माण आयोजनाले खर्च गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कन्टिन्जेन्सी खर्चको बाँडफाँड गर्दा कार्यक्रम संचालन, समितिको बैठक संचालन, लागत ईष्टमेट, मूल्यांकन र अनुगमन, सुपरिवेक्षण, समिक्षा लगायतका कार्यमा मात्र छुट्याउन सकिनेछ ।

१८. **निर्देशन पालना गर्नु पर्ने** : केन्द्रीय सुरक्षित नागरिक आवास समन्वय समितिले कार्यक्रम कार्यान्वयनको सिलसिलामा दिएको निर्देशन सम्वन्धित सवै निकायहरुले पालना गर्नु पर्नेछ ।

१९. **विवादको समाधान** : कार्यक्रम कार्यान्वयनको सन्दर्भमा कुनै विवाद उत्पन्न भएमा केन्द्रीय सुरक्षित नागरिक आवास समन्वय समितिबाट दिइने निर्णय अन्तिम हुनेछ ।

२०. **कारबाही हुने** : अनुदान कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुट्टा विवरण पेश गरेमा वा त्यस्तो व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

२१. **सुविधा नपाउने** : नेपाल सरकारवाट भूकम्प पूनर्निर्माण, प्रकोप व्यवस्थापन वा जोखिम वस्ती स्थानान्तरण जस्ता कार्यक्रमवाट लाभान्वित लाभग्राहीलाई यस कार्यविधि बमोजिम अनुदान उपलब्ध गराईने छैन ।

---

❀ पहिलो संशोधनद्वारा संशोधित ।

**अनुसूची १**

(दफा ४ को उपदफा (१) संग सम्वन्धित)

**<u>लाभग्राहीहरूको छनौटका आधारहरू</u>**

| क्र.स | विवरण | दिइने अङ्क | कैफियत |
|---|---|---|---|
| १ | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल, प्रतिव्यक्ति वर्गफिटमा | ❁३० भन्दा कमलाई -१०<br><u>३० देखि ६० सम्म -५</u><br>६० भन्दा वढी -० | |
| २ | घरको गारो | बाँस, चिरपट/कप्टेरो आदि वा त्यसमा पराल/स्याउलाको टाटी -१०<br>नमिलेको दुङ्गाको गारो, बाँस, कप्टेरो, भकारी आदिमा माटोले पोतेको तथा काठ/फल्याक, काँचो ईंटामा माटोको जोर्नी -५<br>मिलेको दुङ्गाको गारो तथा पाकेका ईंटामा माटो/सिमेन्टका जोर्नी -० | ५० प्रतिशत सम्ममा जेछ त्यसैलाई मान्ने |
| ३ | घरको छानो | ❁फुस, आसवेटस, स्याउला, प्लाष्टिक सिट आदि -१०<br>खपडा, टायल - ५<br>ढलान, कर्कट पाता -० | आसवेटस छाना स्वास्थ्यको लागि हानिकारक छ । |
| ४ | जग्गाको स्वामित्व | लालपूर्जा भएको वा गाउँब्लक (स्वामीत्व पाउन सकिने) वा स्थानीय तहको सिफारिस (स्वबासी र विवाद रहित) -१०<br>नदी/ताल किनारामा बसोबास गरेको -० | |
| ५ | घरमूलीको हकमा | अति विपन्न, असहाय, असक्त, वृद्धवृद्धा, अनाथ बालबालिका, एकल महिलाजस्ता घरमूली लाभग्राही भएका -१०<br>अन्य -० | |

**नोट :** (१) ढलान र जस्तापाताले छाएको छाना भएको आवास धनी घरपरिवारलाई यस कार्यविधि अन्तर्गत लाभग्राहीको रुपमा समावेस गरिने छैन ।

(२) प्रकोपका कारण घरवार विहिन भएका घरपरिवारलाई दफा ४ को उपदफा (२) बमोजिम पहिलो प्राथमिकतामा राखिनेछ र यस अनुसूची बमोजिम मूल्याङ्कन गरिने छैन ।

(३) गरिबीको रेखामुनी रहेका आफैंले सुरक्षित आवास निर्माण गरिरहेको हकमा उपरोक्त अनुसूची बमोजिम मूल्याङ्कन गरिने छैन । स्थानीय तहको सिफारिसको आधारमा सुरक्षित नागरिक आवास समन्वय समितिले लाभग्राही छनौट गर्नेछ ।

❁ पहिलो संशोधनद्वारा संशोधित ।

अनुसूची २

**(दफा ५ को उपदफा (३) संग सम्वन्धित)**

**सुरक्षित नागरिक आवास निर्माणको लागि लाभग्राहीसंग गरीने**

## अनुदान सम्झौता-पत्र (घर बनाउने वा छाना छाउने)

| | |
|---|---|
| सर्वेक्षण घरधनी क्रम संख्या | |
| सम्झौता क्रमाङ्क संख्या | |

पराल तथा खरको छाना भएको घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी सुरक्षित नागरिक आवास निर्माणका लागि ....................जिल्ला ............................ म.न.पा./उ.म.न.पा./न.पा./गा.पा.,वडा नं. ........... गाँउ/टोलको लाभग्राही श्री ........................................................................ **(यस पछि प्रथम पक्ष भनिने)** र ............................ ❀नगर कार्यपालिकाको कार्यालय/गाँउ कार्यपालिकाको कार्यालय **(यस पछि दोस्रो पक्ष भनिने)** बीच देहाय बमोजिमका शर्तहरुको अधिनमा रही नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम सुरक्षित नागरिक आवास निर्माण गर्न गराउन मिति २०७ ...... साल ......... महिना......... गतेका दिन यो अनुदान सम्झौता-पत्रमा सही छाप दस्तखत गरेका छौं ।

................... बस्ने श्री ........................ को नाती/नातीनी/बुहारी श्री ................. को छोरा/छोरी/श्रीमती वर्ष .......

**प्रथम पक्ष (लाभग्राही) ले मञ्जुर गरेका शर्तहरुः-**

१. मेरो घर पराल तथा खरको छाना रहेको ठीक साँचो हो ।मैले मेरो घर पराल तथा खरको छाना रहेकोले सुरक्षित नागरिक आवास निर्माण सम्बन्धी कार्यविधि, २०७५ एवं सम्झौता-पत्रमा उल्लिखित शर्त अनुरुप बनाउनेछु ।

२. निर्माण सामाग्रीको खरिद गर्ने तथा डकर्मी, सिकर्मी, प्लम्बर, इलेक्ट्रिसियन र अन्य निर्माण कार्य गर्ने निर्माणकर्मी तथा श्रमिक जुटाउने एवं काममा लगाउने जिम्मेवारी मेरो हुनेछ ।

३. मैले प्राप्त गर्ने सुरक्षित नागरिक आवास पुनर्निर्माण अनुदान रकम घरको छानाका लागि आवश्यक सामाग्री जस्तापाता, सहुलियत दरको काठ लगायतका सामाग्रीका लागि मात्र खर्च गर्नेछु ।

४. मैले तोकिएको बैंकमा खोलिएको खातामार्फत अनुदान रकम रु. ......................... (अक्षरुपी .......................................................... मात्र) प्राप्त गर्नेछु ।

---

❀ पहिलो संशोधनद्वारा संशोधित ।

५. मैले पहिलो किस्ता वापत ६०% रकम प्राप्त गर्नेछु । सो रकम जस्तापाता र सहुलियत दरको काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य अघि बढाउनको लागि खर्च गर्नेछु ।

६. मैले पहिलो किस्ताको रकमबाट जस्तापाता र काठ लगायतको निर्माण सामाग्री खरिद गरी निर्माण कार्य सम्पन्न भई ❀प्राविधिक प्रतिवेदन प्राप्त भई आएपछि दोस्रो तथा अन्तिम किस्ता वापत ४०% रकम प्राप्त गर्नेछु ।

७. माथि उल्लेखित व्यहोरा ठीक साँचो हो । झुट्ठा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

**दोस्रो पक्ष (........................... ❀नगर कार्यपालिकाको कार्यालय/गाँउ कार्यपालिकाको कार्यालय) ले मञ्जुर गरेका शर्तहरु**

प्रथम पक्षबाट उल्लेखित शर्तहरु पुरा भएको अवस्थामा निम्न अनुसारको सुरक्षित नागरिक आवास निर्माण अनुदान दोस्रो पक्षले बैंकमार्फत उपलब्ध गराउनेछ ।

| **प्रथम पक्ष (लाभग्राही)** |
|---|
| **(क) लाभग्राहीको व्यक्तिगत विवरण** |
| लाभग्राहीको नाम, थर (अंग्रेजीमा):....................................................................<br>लाभग्राहीको नाम, थर (नेपालीमा):....................................................................<br>**नागरिकतामा उल्लेखित ठेगाना**<br>जिल्लाः .............<br>म.न.पा./उ.म.न.पा./न.पा./गा.पा.,....................... वडां नं. ..........................<br>ना.प्र.नं.: ................ जारी जिल्लाः ....................... जारी मिति ......................<br>जन्म मितिः .............................<br>सम्पर्क फोन नं.: ....................... |
| **स्थायी ठेगाना र नागरिकता उल्लेखित ठेगाना फरक भएमा**<br>**(बसाइसराइको विवरण उल्लेख गर्ने)**<br>बसाइसराइ प्रमाणपत्र नं. .............................<br>बसाइसराइ मिति ....................................... |

❀ पहिलो संशोधनद्वारा संशोधित ।

लाभग्राहीको फोटो

फोटो

**सम्झौता पत्रमा हस्ताक्षर गर्ने अधिकार/मञ्जुरी प्राप्त व्यक्तिको विवरण**

(लाभग्राही उपस्थित हुन नसकेको अवस्थामा निजको प्रतिनिधि)

संरक्षक/अधिकार/मञ्जुरी प्राप्त व्यक्तिको नाम, थर :..........................................

**स्थायी ठेगाना**

जिल्लाः ........................ म.न.पा./उ.म.न.पा./न.पा./गा.पा. .......................

वडा ........................ गाँउ/टोल : ..........................

ना.प्र.नं. ................... जारी जिल्ला : ......................

जारी मितिः ................. जन्म मितिः ...........................

**बाजेको नाम, थरः**.................................................................

**बाबुको नाम, थरः**.................................................................

**लाभग्राहीसँगको नाता :**..........................................................

**सम्पर्क फोन नं. :** ..................................................................

लाभग्राही/संरक्षक/अधिकार प्राप्त व्यक्तिको औंठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

लाभग्राही/संरक्षक/अधिकार प्राप्त व्यक्तिको हस्ताक्षर ............................

मितिः ...........................

**(ख) बैंक खाता विवरण (तोकिएको बैंकमा खाता खोलेकोमा विवरण उल्लेख गर्ने)**

बैंक खाता नं. :...................................................................

खातावालाको नाम, थर :........................................................

बैंकको नाम :......................................................................

शाखा :.............................................................................

| |
|---|
| **(ग) घर निर्माण हुने जग्गाको विवरणः**<br>कित्ता नं. ................................ क्षेत्रफल .................................... वर्ग मिटर<br>ठेगानाः जिल्ला ............................ गा.वि.स./न.पा ......................... |
| **(घ) इच्छाएको व्यक्तिको नाम, थरः .................................................................**<br>**लाभग्राहीसँगको नाता : ..........................................................................** |
| **(ङ) साक्षीको नाम, थरः ...................................................................**<br>**हस्ताक्षर : ..............................................................................** |

| **दोश्रो पक्ष (..........................................** ⊛<u>**नगर कार्यपालिकाको कार्यालय/गाँउ कार्यपालिकाको कार्यालय**</u>**)** | **कार्यालयको छाप** |
|---|---|
| कार्यालयको नाम, ठेगानाः ..............................................<br>अधिकार प्राप्त कर्मचारीको नामः .......................................<br>पद : .........................................................................<br>हस्ताक्षर : ..................................................................<br>मितिः ............................. | |

**आवश्यक कागजातहरु**

१. लाभग्राहीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
२. जग्गाधनीको दर्ता प्रमाण पुर्जाको प्रतिलिपि
३. लाभग्राहीको पासपोर्ट साइजको फोटो ।

⊛ पहिलो संशोधनद्वारा संशोधित ।

⊕अनुसूची-३

(दफा ७ संग सम्वन्धित)

# प्राविधिक प्रतिवेदन

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,

...................................नगर कार्यपालिका/गाँउपालिकाको कार्यालय ।

**विषय : प्राविधिक प्रतिवेदन पेश गरेको वारे ।**

उपरोक्त सम्वन्धमा देहायको विवरणहरु सहित प्राविधिक प्रतिवेदन पेश गरेको छु ।

लाभग्राहीको नाम :

लाभग्राहीको क्रमसंख्या :

लाभग्राहीको सम्झौताको क्रमसंख्या :

(जुन अवस्था हो सो मा रेजा ☑ लगाउने)

हालको अवस्था : ☐ सामान साईटमा उपलब्ध भएको (दोस्रो किस्ताको लागि)

☐ कार्य सम्पन्न (कार्य सम्पन्नको हकमा)।

सिफारिस : संलग्न फोटो बमोजिम कार्य भएकोले

☐ अनुदानको दोस्रो किस्ता उपलब्ध गराउन सिफारिस गर्दछु ।

☐ निर्माण सम्पन्न भएको व्यहोरा सिफारिस गर्दछु ।

(नोटः- प्रगतिको अवस्था देखिने गरी हालको फोटो प्रतिवेदनसँग संलग्न गर्ने।)

प्रतिवेदकको :-

दस्तखत :

नाम, थर :

पद :

मिति :

⊕ पहिलो संशोधनद्वारा थप ।

# कार्यान्वयन फ्लो चार्ट

